# स्वास्थ्य सेवा प्रवाह गर्ने
# सामुदायिक वा गैर नाफामूलक संस्थालाई

# अनुदान दिइने सम्वन्धी निर्देशिका
# २०६६

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौ

# "स्वास्थ्यसेवा प्रवाह गर्ने सामुदायिक वा गैर नाफामुलक संस्थालाई दिइने अनुदान सम्वन्धी निर्देशिका, २०६६"

**१. पृष्ठभूमी**

राज्यले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य सेवालाई सर्व सुलभ वनाउनु आबश्यक रहेको छ । यसै विषयबस्तुलाई मध्यनजर गरि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न कार्यक्रमहरु मार्फत स्वास्थ्य सेवा प्रवाह गरि रहेको छ । यस मन्त्रालयले मात्रै जनचाहना र आकांक्ष अनुरुप सम्पूर्ण स्वास्थ्य सेवालाई सहज ढंगले सेवा पुऱ्याउन कठिन हुने हुदा अन्य सरोकारवाला निकायहरु मार्फत पनि स्वास्थ्य सेवामा हातेमालो गर्दै सेवा प्रवाहमा अभिबृद्धि गर्नु आजको आवश्यकता भएको छ । यसै सन्दर्भमा स्वास्थ्य सेवामा प्रतिस्प्रधात्मक वातावरण सृजना गरि स्वास्थ्य क्षेत्रमा प्रवाह हुने श्रोत र साधनको प्रभावकारी रुपमा उपयोग गरि स्थानीय स्तरका स्वास्थ्य संस्थाको संलग्नता बढाउनु पर्ने देखिएकोले सामुदायिक तथा गैर नाफामूलक संस्थालाई अनुदान उपलव्ध गराउनु सान्दर्भिक देखिन्छ । यस परिवेशमा चालु आ.व. २०६६/६७ को वार्षिक नीति तथा कार्यक्रममा सामुदायिक तथा सहकारी स्वास्थ्य कार्यक्रमलाई प्रोत्साहन गरिने नीति अवलम्बनन गरिने छ भन्ने नीति प्रतिपादन गरिएको छ। यसै गरी बजेट बक्तव्यमा सामुदायिक अस्पताल स्थापना र संचालन गर्नको लागि निश्चित मापदण्डको आधारमा अनुदान उपलब्ध गराइने छ भन्ने उल्लेख भएको हुंदा जनतालाई समयमा नै गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान गर्न सहज होस् भन्नाकालागि नेपाल सरकारले ***स्वास्थ्यसेवा प्रवाह गर्ने सामुदायिक वा गैर नाफामूलक संस्थालाई दिइने अनुदान सम्वन्धी निर्देशिका, २०६६*** वनाई लागू गरेको छ ।

२. **निर्देशिकाको नाम र लागु हुने मितिः** (१) यस निर्देशिकाको नाम **"स्वास्थ्यसेवा प्रवाह गर्ने सामुदायिक वा गैर नाफामूलक संस्थालाई दिइने अनुदान सम्वन्धी निर्देशिका, २०६६"** रहेको छ ।

(२) यो निर्देशिको मिति ........................ देखि लागु हुनेछ ।

३. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "सामुदायिक संस्था" भन्नाले स्थानिय समुदायका व्यक्तिहरु मिलेर सामुदायिक भलाई र उन्नतीको भावनाबाट प्रचलित कानून बमोजिम स्थापना गरिएको संस्था भन्ने बुझ्नुपर्छ ।

(ख) "गैरनाफामूलक संस्था" भन्नाले नाफाको उदेश्य नलिई सेवाको भावनाबाट प्रचलित कानून बमोजिम स्थापना गरिएको संस्था भन्ने बुझ्नुपर्छ ।

(ग) "उपचारात्मक सेवा प्रवाह गर्ने संस्था" भन्नाले अनुसुचि-१ को पहिलो वर्गसमूहमा पर्ने संस्था भन्ने बुझ्नुपर्छ ।

(घ) "प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक सेवा प्रवाह गर्ने संस्था" भन्नाले अनुसुची-१ को दोश्रो वर्ग समूहमा पर्ने संस्था भन्ने बुझ्नुपर्छ ।

(ङ) "मूल्यांकन समिति" भन्नाले दफा ५ बमोजिमको समिति भन्ने बुझ्नुपर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भन्ने बुझ्नुपर्छ ।

४. **अनुदानको निवेदन दर्ता गर्नेः** अनुसूचि-१ बमोजिमको संस्थाले आर्थिक वर्षको प्रथम चौमासिक अवधिभित्र अनुसूचि-२ बमोजिमको फाराम भरी आवश्यक पर्ने कागजात संलग्न राखी मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

**५. अनुदान दिने आधारहरुः** (१) दफा ४ बमोजिम निवेदन दर्ता गर्ने संस्थाहरु अनुदान प्राप्त गर्न योग्य भए नभएको मूल्यांकन गर्ने आधारहरु देहायबमोजिम हुनेछन्-

(क) संस्थाको कानुनी हैसियत

(ख) संस्थाको कार्य क्षेत्र

(ग) संस्थाको कार्यानुभव

(घ) मानवीय, वित्तीय र भौतिक स्थिती

( ङ)समेट्ने भौगलिक कार्यक्षेत्र/जिल्ला

(च) सिमान्तक्रित/दुर्गम क्षेत्रका व्यक्तिलाई सेवा प्रदान गर्ने

(छ) सरकारको घोषित नीति/कार्यक्रम/सहश्राव्दी विकास लक्ष्यमा सघाउ

(ज) सेवा शुल्क (उपचारात्मक सेवाको)

(झ) लक्षित/लाभान्वित सेवाग्राहीहरु

(ञ) बिगतको कार्यक्रमको बित्तीय तथा भौतिक प्रगति

(ट) अन्य कुराहरु

(२) दफा (१) को खण्ड (क) को आधार पुरा गरेको संस्थामात्र अनुदानको लागि अन्य खण्डका आधारहरुमा गरिने मूल्यांकनमा समावेश हुन योग्य मानिनेछ ।

६. **अनुदान मागको निवेदनउपर मूल्यांकन** : (१) दफा ५ बमोजिमका आधारहरुमा मूल्यांकन गरी अनुदानको लागि योग्य संस्थाहरु छनौट गर्न देहायको एक मूल्यांकन समिति रहनेछ -

| | |
|---|---|
| प्रमुख नीति योजना तथा अन्तराष्ट्रिय सहयोग महाशाखा | - संयोजक |
| प्रमुख/अधिकृत प्रतिनिधी चिकित्सा महाशाखा | - सदस्य |
| प्रमुख/अधिकृत प्रतिनिधी अनुगमन महाशाखा | - सदस्य |
| प्रमुख/अधिकृत प्रतिनिधि(लेखा) मानव सशाधन तथा वित्तिय महाशाखा | - सदस्य |
| अधिकृत प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |

(२) रितपूर्वक दर्ता हुन आएका निवेदनहरुको मूल्यांकन आर्थिक वर्षको प्रथम चौमासिक अवधि समाप्त भएको दुई महिनाभित्र गर्नु पर्नेछ र यसरी मूल्याङ्कन गर्दा समितिले अनुसुचि-३ बमोजिमको फाराम प्रयोग गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मूल्यांकनमा कम्तिमा चालीस प्रतिशत र सो भन्दाबढी अंक प्राप्त गर्ने संस्था अनुदानको लागि योग्य मानिने छ ।

(४) मूल्यांकन कार्य समाप्त भएको तीनदिन भित्रमा मूल्यांकन समितिले योग्य र अयोग्य देखिएका संस्थाहरुको सूची सहितको प्रतिवेदन मन्त्रालयका सचिव समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिले मूल्यांकन गर्दा मूल्यांकन फाराममा उल्लिखित आधारहरुमा यस निर्देशिकाको मर्म विपरित नहुने गरी उपआधारहरु वनाउन सक्नेछ ।

७. **अनुदानको प्राथमिकता**ः दफा ६ को उपदफा (४) बमोजिमको प्रतिवेदनमा समावेश गरिएका योग्य संस्थाहरुलाई त्यस्ता स.सथाले प्राप्त गरेको अंकको आधारमा देहायको प्राथमिकताक्रम अनुसार अनुदान निर्धारण गरिनेछ ।

| | |
|---|---|
| (क) ८० प्रतिशत वा सो भन्दा माथिको अंक प्राप्त गर्ने संस्था | पहिलो प्राथमिक्ता |
| (ख) ७०-७९ प्रतिशत अंक प्राप्त गर्ने संस्था | दोश्रो प्राथमिक्ता |
| (ग) ६०-६९ प्रतिशत अंक प्राप्त गर्ने संस्था | तेश्रो प्राथमिक्ता |
| (ग) ५०-५९ प्रतिशत अंक प्राप्त गर्ने संस्था | चौथो प्राथमिक्ता |
| (घ) ४०-४९ प्रतिशत अंक प्राप्त गर्ने संस्था | पाँचौ प्राथमिक्ता |

८. **अनुदानको बजेट व्यवस्था**ः दफा ७ बमोजिमको प्राथमिकताक्रमका आधारमा योग्य संस्थाहरुलाई निर्धारण गरिएको अनुदान रकमको बजेट व्यवस्थाको लागि मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा **'सामुदायिक/गैर नाफामुलक संस्था अनुदान'** कार्यक्रम तथा बजेट समेत समावेश गरी राष्ट्रिय योजना आयोगमा र अर्थ मन्त्रालयमा पेश गर्नेछ र सोही अनुसार बजेट पुस्तिकामा बजेट समावेश भए पछि यस्ता संस्थालाई प्रदान गर्ने अनुदानको बजेट व्यवस्था भएको मानिने छ ।

९. **अनुदान प्रदान गर्नेः** (१) दफा ८ बमोजिमको बजेट व्यवस्था भएकोमा बजेट तथा कार्यक्रममा प्रस्ताव गरिएअनुसार नै सबै योग्य संस्थालाई निर्धारण गरिएको सबै रकम एकमुष्ठ बजेट पुस्तिकामा परेमा यस निर्देशिका अनुसार संस्थाहरुको मुल्यांकन गरि अनुदान प्रदान गरिनेछ ।

तर नाम तोकेर बजेट विनियोजन भएको हकमा यो निर्देशिका वमोजिम मुल्यांकन लागु हने छैन ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रममा प्रस्ताव गरिएभन्दा कम संस्थाको लागि बजेट परी बजेट पुस्तिकामा समावेश हुन नसकेका जति संस्थाको लागि लगत्तै अर्को आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा पुनः त्यस्ता संस्थालाई प्राथमिकताकासाथ समावेश गरिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए पनि यस निर्देशिकामा उल्लेखित कार्यविधि वाहेकको समयावधिमा वा यस निर्देशिका प्रारम्भ भएपछि निर्देशिका बमोजिमका कार्यविधि अपनाई अनुदान प्रदान नगरुन्जेल सम्मको समयावधिमा मन्त्रालयमा कुनै संस्थाबाट अनुदानको लागि निवेदन पर्न आएमा र मन्त्रालयले सो संस्थालाई अनुदान दिन आवश्यक ठानेमा कार्यक्रम स्वीकृत गरी अर्थ मन्त्रालयको सहमती लिई अनुदान दिन सक्नेछ ।

तर यस्तो अनुदानको निवेदनउपर कारवाही गर्दा मन्त्रालयले दफा ६ बमोजिमको मूल्यांकन समितिबाट मूल्यांकन गराउनु पर्ने छ ।

(४) यस निर्देशिका बमोजिमको अनुदान चौमासिक रुपमा निकासा गरिनेछ र दोश्रो चौमासिकबाट निकासा गर्दा अघिल्लो चौमासिक अवधिको प्रगति विवरणलाई आधार मानिनेछ ।

तर यदि चालु आर्थिक वर्षमा अनुदान प्राप्त गर्ने संस्थाले गत वर्षमा पनि यस्तै अनुदान प्राप्त गरेको रहेछ भने सो संस्थाको अनुदान निकासा गर्दा अघिल्लो आर्थिक वर्षको प्रगति विवरणलाई आधार मानिनेछ ।

(५) यस निर्देशिका बमोजिम पहिलो पटक अनुदान प्राप्त गरेको संस्थालाई मन्त्रालयले स्वीकृत कार्यक्रम तथा कार्यप्रगतिको आधारमा तीन आर्थिक वर्षसम्म अनुदान प्रदान गर्न सक्नेछ । यसरी अनुदान प्रदान गर्दा दफा ५ बमोजिमको मूल्यांकन समितिबाट मूल्यांकन गराउनु पर्ने छैन ।

१०. **प्रगती प्रतिवेदन पेश गर्नु पर्नेः** (१) अनुदान प्राप्त गर्ने संस्थाले चौमासिक अवधी समाप्त भएको पन्ध्र दिन भित्र र आर्थिक वर्ष समाप्त भएको ९० दिनभित्र वित्तीय तथा भौतिक प्रगती प्रतिवेदनको र लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगती प्रतिवेदन पेश नगर्ने वा सन्तोषजनक प्रगति हासिल नगर्ने संस्थालाई मन्त्रालयले निकासा बाँकी अनुदान रकममध्ये आंशिक वा पुरै रकम रोक्का गर्न वा रद्ध गर्न सक्नेछ ।

११. **अनुगमन तथा मूल्यांकनः** (१) मन्त्रालयले अनुदान प्राप्त गरेका संस्थाहरुको अनुगमन तथा मूल्यांकन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमनबाट सन्तोषजनक रुपमा प्रगति हासिल नगरेको वा प्राप्त अनुदान रकम सम्वन्धित प्रयोजनमा भन्दा अन्यत्र खर्च गरेको कुरा पाइएमा पनि मन्त्रालयले निकासा दिन बाँकी अनुदान रकममध्ये आंशिक वा पुरै रोक्का गर्न वा रद्ध गर्न सक्नेछ ।

१२. **विविधः** (१) यस निर्देशिकामा उल्लेखित सामुदायिक प्रकृतिका गैरसरकारी संस्था वा गैर नाफमुलक संस्था वाहेक छुट्टै ऐन तथा नियमावली बमोजिम स्थापना भएका सरकारी वा अर्धसरकारी वा सरकारी-निजी साझेदारी प्रकृतिका संस्थालाई मन्त्रालयबाट प्रदान गरिने अनुदानको हकमा यो निर्देशिका लागू हुने छैन ।

(२) मन्त्रालयले यस निर्देशिकामा उल्लिखित प्रावधानहरुमा र निर्देशिकाको अनुसूचिहरुमा आवश्यकृता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

*अनुसूचि - १*

# स्वास्थ्य सेवा प्रवाह गर्ने सामुदायिक वा गैर नाफामूलक संस्थाहरुको वर्गिकरण

**पहिलो वर्गः उपचारात्मक सेवा प्रवाह गर्ने संस्थाहरु**

| क बर्ग | ख बर्ग |
|---|---|
| अस्पताल सेवाः १५ देखि १०० शैया सम्मका | प्राकृतिक प्रकोप उद्धार/महामारी न्यूनीकरण/जोखिम पूर्ण सेवा संचालन गर्ने संस्थाहरु |
| रक्त सेवा/एम्वुलेन्स सेवा संचालन गर्ने संस्थाहरु | प्राकृतिक/योग जस्ता बैकल्पिक चिकित्सा सेवा संचालन गर्ने संस्थाहरु |

**दोश्रो वर्गः प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक सेवा प्रवाह गर्ने संस्थाहरु**

| क बर्ग | ख बर्ग |
|---|---|
| अपांगता सम्वन्धि र मानसिक स्वास्थ्य सम्वन्धित सेवा संचालन गर्ने संस्थाहरु। | जनसंख्या व्यवस्थापन, वातावरणीय सरसफाई, फोहर मैला व्यवस्थापन |
| खोप, पोषण, स्वास प्रस्वास, झाडा पखाला जस्ता बालस्वास्थ्यसँग सम्वन्धित सेवा संचालन गर्ने संस्थाहरु। | घुम्ती क्याम्प, प्राकृतिक प्रकोप उद्धार, महामारी न्यूनिकरण, जोखिम पूर्ण सेवा संचालन गर्ने संस्थाहरु। |
| सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य सम्वन्धी सेवा संचालन गर्ने संस्थाहरु। | स्वास्थ्य सम्बन्धि जनचेतना तथा सूचना प्रमावह गर्ने संस्थाहरु |

अनुसूचि - २

## अनुदान प्राप्त गर्नको लागि भर्नुपर्ने फाराम

१. **संस्थाको परिचय**
नामः
ठेगाना/जिल्लाः
सम्पर्क टेलिफोनः
इमेलः
सम्पर्क व्यक्तिः

२. **संस्थाको कानुनी हैसियत**
संस्था दर्ताको प्रमाणपत्र (दर्ता नम्बर र मिति):
संस्था दर्ता भएको निकाय र स्थानः
भ्याट नं./प्यान नं.:                                    नविकरण मितिः
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्तर्गतबाट स्वीकृति/सहमती प्राप्त मितिः
समाज कल्याण परिषदमा आवद्धता वा कार्यक्रम संचालनको सम्झौता भएको भए सो को मितिः

३. **संस्थाको प्रकृति र वनावट (विधान बमोजिम) र कार्यानुभव**
प्रमुख उद्देश्यहरुः
(क)
(ख)
(ग)
(घ)
(ङ)
प्रकृतिः गैर सरकारी ( ) वा गैर नाफामुलक ( )

४. **संस्थाको मानवीय, वित्तीय र भौतिक स्थिती**

| मानवीय स्थितीः | पूर्ण कालीन | अल्पकालीन | कैफियत |
|---|---|---|---|
| क) डाक्टरको संख्या | | | |
| ख) नर्स र स्वास्थ्य प्राविधिकको संख्या | | | |
| ग) सामाजिक परिचालकको संख्या | | | |
| ग) प्रशासनिक तथा अन्य कर्मचारीको संख्या | | | |

बित्तीय स्थितीः बिगत तीन वर्षको प्रतिवर्ष औसत आर्थिक कारोवार (आयव्यय विवरणको एकतर्फी कारोवार) को रकमः ....................

| | | |
|---|---|---|
| अन्य संस्थाबाट पनि निरन्तर अनुदान/सहयोगः | केही प्राप्त भएको/हुने ( ) | प्राप्त नभएको/नहुने ( ) |
| संस्थाको छुट्टै बैक खाताः | छ ( ) | छैन ( ) |
| लेखापरीक्षणः | ...... वर्षसम्म भएको ( ) | हालसम्म हुन नसकेको ( ) |

भौतिक स्थितीः

| | | | |
|---|---|---|---|
| आफ्नै भवन | छ ( ) | पर्याप्त छैन ( ) | छैन ( ) |
| अस्पताल भए (बेड संख्या) | | | |
| मेशिनरी औजार, एम्वुलेन्स र अन्य भौतिक सामग्रीहरुको संख्या | राम्रो ( ) | सन्तोषजनक () | सामान्य ( ) |
| समग्र रुपमा मानवीय, वित्तीय र भौतिक स्थिती | राम्रो ( ) | सन्तोषजनक ( ) | सामान्य ( ) |

**५. संस्थाबाट स्वास्थ्य सम्बन्धी प्रवाह भएका/प्रवाह हुने सेवा वा कार्यक्रम सम्बन्धी विवरण**

सालबसाली प्रवाह भएका सेवा वा कार्यक्रमहरु :

क) ………………………………………………………………………………………

ख) ………………………………………………………………………………………

प्रस्तावित नयां सेवा वा कार्यक्रमहरु :

क) ………………………………………………………………………………………

ख) ………………………………………………………………………………………

| | | | |
|---|---|---|---|
| सेवा /कार्यक्रमले समेट्ने भौगोलिक क्षेत्र (जिल्लाको संख्या): | क) हिमाली …. | ख) पहाडी ….. | ग) उपत्यका ……..<br>घ) तराई …….. |
| सेवा/कार्यक्रमले सरकारको घोषित नीति/कार्यक्रम/MDG मा: | सघाउ पुग्ने ( ) | आंशिक सघाउ पुग्ने ( ) | सघाउ नपुग्ने ( ) |
| सेवाशुल्क (उपचारात्मक भए): | सबैलाई छुट ( ) | लक्षितबर्गलाई छुट ( ) | सशुल्क ( ) |
| संस्थाको लाभान्वित/लक्षित सेवाग्राहीहरु: ……………………<br>…………………………………… | बिगत ३ वर्षको प्रति वर्ष औसत लाभान्वित सेवाग्राहीहरुको संख्या:<br>…………………… | लक्षित सेवाग्राहीहरुको संख्या:…………… | |

**६. बिगतमा नेपाल सरकारको आर्थिक सहयोगमा संचलन भएका स्वास्थ्यसम्बन्धी कार्यक्रमको प्रगति प्रतिवेदन**

बित्तीय प्रगति : सन्तोषजनक ( ) सामान्य ( ) नगण्य ( )

भौतिक प्रगति : सन्तोषजनक ( ) सामान्य ( ) नगण्य ( )

**७. अनुदान माग रकमः तलब भत्ता वाहेको चालु खर्चको लागि रु …………र पूर्जीगत खर्चको लागि रु …………गरी जम्मा रु ………….. अक्षेरुपी : ………………………………………………………. मात्र ।**

**संलग्न कागजातहरु :**

संस्था दर्ता र दर्ता नवीकरण प्रमाणपत्रका प्रतिलिपिहरु

भ्याट र प्यान नं. का प्रलिलिपीहरु

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृति/सहमती सम्वन्धी कागजातको प्रतिलिपी

समाज कल्याण परिषदसँगको कार्यक्रम संचालन सम्झौताको प्रतिलिपी

बिगतका कार्यक्रमहरुको भौतिक तथा बित्तीय प्रगति विवरणका प्रतिलिपीहरु

लेखापरीक्षण प्रतिवेदन

**पेश गर्ने**

आधिकारिक व्यक्तिका नाम:

दस्तखत:

संस्थाको नाम:

मिति:

## अनुदानको लागि मूल्यांकन फाराम

**मूल्याङ्कनका आधारहरु** **अंकभार**

| क.सं. | विवरण | | अंक | | अंक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | संस्थाको कार्यक्षेत्र | स्वास्थ्य क्षेत्र | २० | अन्य | १० | |
| २ | संस्थाको कार्यानुभवः | ५ वर्ष भन्दा बढी | ३ | ५ वर्ष सम्म | ५ | नयां स्थापना भएका संस्थाहरुलाई प्राथमिकतामा राखिएको |
| ३ | मानवीय, वित्तीय र भौतिक स्थितीः | राम्रो | ७ | सन्तोषजनक | ५ | |
| ४ | समेट्ने भौगलिक कार्यक्षेत्र/जिल्लाः | हिमाली/पहाडी दुर्गम तथा पिछडिएको | १० | तराई र उपत्यका | ७ | |
| ५ | सरकारको घोषित नीति/ कार्यक्रम/MDG मा सघाउः | पुग्ने | २० | आंशिक पुग्ने | १५ | |
| ६ | सेवा शुल्क (उपचारात्मक सेवा) | सबैलाई छुट | ५ | लक्षितवर्गलाई छुट | ५ | |
| ७ | लक्षित/लाभान्वित सेवाग्राहीहरु- | महिला तथा दलित, र सिमान्तिकृत वर्ग | ३० | अन्य | २० | |
| ८ | बिगतको कार्यक्रमको बित्तीय तथा भौतिक प्रगतिः | राम्रो | ५ | सन्तोषजनक | ४ | |
| जम्मा | | | १०० | | | |

**मूल्याङ्कनको विषयमा कुनै टिप्पणी भए सो को व्यहोरा :**

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

**मूल्यांकन समितिका सदस्यहरुको नाम तथा दस्तखत**

नामः

नामः

नामः

नामः

नामः

**परीक्षण/मूल्याङ्कन गर्दा हेर्नुपर्ने कागजातहरु (सूचकांङ्कहरु)**

(क) अनुदान प्राप्त गर्न संस्थाले भरेको फाराम

(ख) वित्तीय तथा भौतिक प्रगति प्रतिवेदन

(ग) लेखा परीक्षण प्रतिवेदन

(घ) लाभान्वित समूह/स्थानीय समूहको प्रतिक्रिया

(ङ) अनुगमन प्रतिवेदन